# गौमुल गाउँपालिका करारमा शिक्षक नियुक्ति सम्वन्धि कार्यविधि २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७।१०।१२

सामदुावयक विध्यालयको स्वीकृत दरवन्दिमा करारमा शिक्षक नियुक्ति सम्वन्धि व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकाले गौमुल गाउँपालिका शिक्षा ऐन २०७४ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १-प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम करारमा शिक्षक नियुक्ति सम्वन्धी कार्यविधि २०७७ रहने छ ।

(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुने छ र यस अघि संचालित परिक्षाहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) गाउँपालिका भन्नाले-गौमुल गाउँपालिका सम्झनु पर्छ ।

ख) ऐन भन्नाले -गौमुल गाउँपालिका शिक्षा ऐन २०७४ सम्झनु पर्छ ।

ग) स्थानीय सरकार सचालन ऐन भन्नाले - स्थानीय सरकार सचालन ऐन २०७४ सम्झनु पर्छ ।

घ) अध्यक्ष भन्नाले - गाउँपालिका अध्यक्ष तथा गाउँपालिका शिक्षा समितिको अध्यक्ष समेतलाई सम्झनु पर्छ ।

ङ) शिक्षा समिति भन्नाले - गाउँपालिका शिक्षा समिती भन्ने सम्झनु पर्छ ।

च) शिक्षा अधिकृत भन्नाले -गाउँपालिका शिक्षा शाखामा रहने शिक्षा शाखा प्रमुख तथा अधिकृत सम्झनु पर्छ ।

छ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले -गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

ज) शाखा भन्नाले - गाउँपालिका शिक्षा शाखा सम्झनु पर्छ ।

झ) शिक्षक भन्नाले- स्वीकृत दरवन्दी , करार र राहात शिक्षक सम्झनु पर्छ ।

ञ) विध्यालय व्यवस्थापन समिति भन्नाले -ऐनको दफा १९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

ट) विशेषज्ञ भन्नाले माध्यामिक र निम्न माध्यामिक तहको हकमा विषय विशेषज्ञ र प्राथमिक तहको हकमा गाउँपालिकामा सुचिकृत विशेषज्ञ सम्झनु पर्छ ।

## परिच्छेद २– पदपूर्ति र छनोट प्रक्रिया

३. पदपूर्तिः(१) सामुदायिक विध्यालयमा शिक्षक पद रिक्त भएमा विध्यालयले रिक्त भएको तह श्रेणी र विषय खोलि सात दिन भित्र जानकारी दिनु पर्ने छ ।

(२) उपदफा (१) बम्मोजिम रिक्त पदमा विध्यालयले विध्यालय व्यवस्थापन समितिको निर्णय सहित १५ दिन भित्र गाउँपालिकामा पदपूर्ति अनुमति माग गर्नु पर्ने छ ।

३) पदपूर्तिमाग भएमा शाखाले तह श्रेणी र विषय खोलि पदपूर्ति अनुमति दिने छ ।

४) पदपूर्ति अनुमति प्राप्तभएपछी विध्यालयले दैनिक पत्रिकामा तथा सुचनापाटिमा १५ दिनको विज्ञापनको सुचना प्रकाशित गर्नु पर्ने छ ।

५) विज्ञापनको म्याद समाप्त भएपछि गाउँपालिका शिक्षा ऐन २०७४ को दफा २४ बमोजिम छनोट समितिले शिक्षक छनोट गरि करारमा शिक्षक नियुक्ति गर्न विध्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने ।

४. करार शिक्षक नियुक्तिका लागि दरखास्त दिने योग्यता

(क) सम्बनधित विषयमा योग्यता पुगेको हुनु पर्ने छ ।

(ख) १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्ने छ ।

(ग) सम्बन्धित विषयमा अध्यापन अनुमति लिएको हुनु पर्ने छ तर विज्ञान र गणित विषयका लागि लागु हुने छैन ।

(घ) कुनै पनि फौजदारी अभियोग नलागेको हुनु पर्ने छ ।

५. छनोट प्रक्रिया (१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्वन्धित तह र विषयका लागि निर्धारित गरेको पाठ्यक्रम अनुसार परिक्षा संचालन गर्नु पर्ने छ ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतवाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उमेदवारको रुपमा करार नियुक्तिकालागि विध्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने ।

(३) शिक्षक छिनोट गर्दा शिक्षक सेवा आयोगवाट तोके वमोजिमको संख्यामा वैकल्पीक उम्मेदवार छनोट गर्नु पर्ने छ ।

(४) ऐनको दफा २४ बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा गाउँपालिकामा सुचिकृत विषय विशेषज्ञ वाट छनोट गर्नु पर्ने छ । यस्तो विषय विशेषज्ञ सुचि गाउँपालिकाले प्रत्येक २ बर्षमा छनोट गरि निकाल्ने छ ।

(५) छनोट समितिमा वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य पर्यवेक्षकका रुपमा रहन सक्ने छ ।

## परिच्छेद ३– विशेषज्ञ सम्वन्धि व्यवस्था

६. विशेषज्ञ सुचिकरण प्रकियाः(१) एनको दफा २४ बमोजिम कार्य गर्न विशषज्ञहुन चाहने शिक्षकले गाउँपालिकाले सुचना प्रकाशन गरि तोकेको अवधि भित्र निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकाशित गर्दा निवेदन साथ संलग्नहुनु पर्ने कागजागहरु र निवेदन दस्तुर समेत तोकिने छ ।

(३) शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानविन गरि प्राथमिक निम्न माध्यामिक र माध्यामिक तहकालागि छुट्टा छुट्टै विशेषज्ञ सुचि प्रकाशित गर्ने छ ।

(४) उपदफा (२) वमोजिम सूचि प्रकाशन गर्दा निम्न माध्यामिक र माध्यामिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नु पर्ने छ ।

७. विशेषज्ञको योग्यताः विशषेज्ञ हुन देहायको योग्यता हुनु पर्ने छ ।

क) प्राथमिक तहका लागि स्नातक तह वा सो सरह र तालिम प्राप्त ।

ख) निम्न माध्यामिक तहका लागि सम्वन्धित विषयमा स्नातक तह वा सो सरह र तालिम प्राप्त

ग) माध्यमामिक तहका लागि सम्वन्धिच विषयमा स्नातकोत्तर वा सो सरह र तालिम प्राप्त

८. विशेष अवस्थाः

(१) गाउँपालिकाले आवश्यकता अनुसार गाउँपालिकाको शिक्षा ऐन २०७४ अनुसार वार्षिक रुपमा करारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्न सक्ने छ ।

(२) यस दफा वमोजिम विज्ञापन गर्दा एक शैक्षिक सत्र भरि विध्यालयहरुमा रिक्तहुन सक्ने शिक्षक पदको अनुमान गरी विज्ञापन गरिने छ ।

(३) तोकिएको संख्यामा उम्मेदवारलाई योग्यताक्रम सूचिमा राखि नतिजा प्रकाशन गरिने छ ।

(४) यो दफा वमोजिम योग्यताक्रम सूचिमा रहेका उम्मेदवारहरुलाई एक शैक्षिक शत्र भित्र विध्यालयमा रिक्त हुने शिक्षक पदमा करार नियुक्तिका लागि सिफारिस गरिने छ ।

(५) यस दफा अनुसार सिफारिस भएका उम्मेदवारहरुलाई विध्यालय व्यवस्थापन समितिले करार नियुक्त गर्नु पर्ने छ ।

परिच्छेद ४–करार नियुक्ति

९. करार शिक्षक नियुक्तिः (१) यस कार्यविधि वमोजिम छनोट भएको शिक्षकको वढीमा एक शैक्षिक सत्रका लागि विध्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विध्यालयले करारमा नियुक्त गर्ने छ ।

२) करार नियुक्त भएका शिक्षकको अभिलेखकालागि फाईल खडा गरि १५ दिन भित्र गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

३) विध्यालयले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख हस्तान्त्रण नहुदा सम्म शिक्षा विकास तथा समन्वय इकाइमा समेत दिनु पर्ने छ ।

४) शिक्षक सेवा आयोगवाट स्थायी शिक्षक नियुक्ति भै आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवावाट अवकास हुने छ ।

१०. वैंकल्पीक उम्मेदवारले नियुक्यि पाउनेः

(१) सफल उम्मेदवारले सिफारीस भएको मितिले सात दिन भित्र करार नियुक्ति लिई विध्यालयमा हाजिर हुनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिइ हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिईने छ ।

११. स्वयमसेवक शिक्षक सम्वन्धी व्यास्थाः (१) प्रसुति विदा वा अन्य कुनै प्रकारको लामो विदा वा कार्यरत शिक्षक अशक्त भएमा कार्यरत शिक्षकको सट्टामा विध्यालय व्यवस्थापन समितिले विध्यालयको पठन पाठनमा असर नप्रने गरि स्वयमसेवक शिक्षक छनोट गरि पठनपाठनको व्यवस्था मिलाउने छ ।

(२) उपदफा (१) बम्मोजिम नियुक्त शिक्षकले गाउँपालिकाले तोके वम्मजिम निश्चित रकम अनुदान स्वरुप उपलव्ध गराउने छ ।

१२. उजुरी सम्वन्धि व्यवस्थाः१) करारमा शिक्षक नियुक्ति सम्वन्धि विषयमा चित्त नबुझेमा उम्मेदारले गाउँपालिकामा कारण र आधारखोलि उजुरी दिन सक्ने छ ।

२) उपदफा (१) बम्मोजिम प्राप्त उजुरीमा छानविन गर्न देहायअनुसारको एक उजुरी छानविन समिति

रहने छ ।

क) प्रमखु  प्रसाशकिय अधिकृत - संयोजक

ख) शाखा प्रमखु - सदस्य

ग) प्रमखु प्रशासकिय अधिकृतले तोकेको एक जना अधिकृतक- सदस्य सचिव

३) समितिले उजुररी उपर छानवीन गरि आवश्यक निर्णय गर्ने छ।

१३. पारिश्रमिक सम्वन्धि व्यवस्थाः छनोट समितिमा रहने सदस्यहरुले विध्यालय व्यवस्थापन समितिले तोके बम्मोजिमको पारिश्रमिक पाउने छ ।

१४. यस कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।

१५.  यो कार्य विधिको व्याख्या गाउँकार्यपालिकाले गरे बमोजिम हुने छ ।